(आर्थिक वर्ष २०८१/०८२ को आठौं बैठक)

आज मिति २०८१ माघ २४ गतेका दिन यस भोटेकोशी गाउँपालिका, गाउँ कार्यपालिकाका अध्यक्ष श्री पासाङ नुर्पु शेर्पा ज्यूको अध्यक्षता तथा तपसिलका पदाधिकारीहरुको उपस्थितिमा गाउँ कार्यपालिकाको बैठक बसी देहायका विषयमा छलफल गरी निर्णय गरियो ।

<u>उपस्थिति :</u>

१. अध्यक्ष : श्री पासाङ नुर्पु शेर्पा

२. सदस्य : श्री दिछेन शेर्पा

३. सदस्य : श्री साङवु लामा

४. सदस्य : श्री कुमार श्रेष्ठ

५. सदस्य : श्री निमा सोना शेर्पा

६. सदस्य : श्री टासी शेर्पा

७. सदस्य : श्री दावा त्यम्वा तामाङ

८. सदस्य : श्री आङ छिरिङ शेर्पा

९. सदस्य : श्री वच्चु धतानी

१०. सदस्य : श्री जमुना थामी

११. सदस्य : श्री पम्फा वि.क.

१२. सदस्य : श्री रुपा रिमाल लाम्गाते

१३. सदस्य : श्री निमि शेर्पा

१४. सदस्य सचिव : श्री दीपक दाहाल (प्र.प्र.अ)

<u>सहयोगी कर्मचारीहरु :</u>

- श्री राजाराम घोरासैनी, ईञ्जिनियर
- श्री गंगासागर पौडेल, सूचना प्रविधि अधिकृत
- श्री कृष्ण प्रसाद कँडेल, सहायक पाँचौ
- श्री संञ्जिव खनाल आ.ले.प
- श्री पुष्पा कार्की कृषि (नातह प्राविधिक)
- श्री सपता कार्की (कार्यालय सहयोगी)
- श्री विकास तामाङ (गाउँ प्रहरी)
- श्री अनिशा अधिकारी (लेखापाल)

प्रस्तावहरु

१. आ.व २०८०/०८१ को स्थानीय तह संस्थागत क्षमता स्वमूल्याङ्कन (LISA) को नतिजा प्रकाशन सम्बन्धमा

२. योजनाको म्याद थप सम्बन्धमा।

३. योजना अनुगमन प्रतिवेदन सम्बन्धमा।

४. संघीय समपुरक तथा विशेष अनुदानका योजनाहरुको प्रस्ताव पेश सम्बन्धमा।

५. प्रदेश समपुरक तथा विशेष अनुदानका योजनाहरुको प्रस्ताव पेश सम्बन्धमा।

६. भोटेकोशी गाउँपालिकाको उन्नत ग्रामीण सडक निर्माण निर्देशिका २०७८, शंशोधन सम्बन्धमा।

७. भोटेकोशी गाउँपालिकाको संक्षिप्त वातावरणीय अध्ययन तथा प्रारम्भिक वातावरणीय परीक्षण कार्यविधि २०८० शंशोधन सम्बन्धमा।

८. मार्मिङ सामुदायिक भवनको म्याद थप सम्बन्धमा।

९. झ्यालेभिर त्याङथली अन्थली सडक स्तरोनन्ती तथा मर्मत कार्यको पेश्की जमानत जफत सम्बन्धमा।

१०. चाकु मार्मिङ सडकको बोलपत्र आव्हान सम्बन्धमा।

११. दिर्घ रोगीहरुलाई उपलब्ध गराइने रकम भुक्तानी सम्बन्धमा।

१२. मार्मिङ स्वास्थ्य चौकीमा बर्थींङ सेन्टर संचालन सम्बन्धमा।

१३. मावि विद्यालय स्तरीय कार्यक्रम सम्बन्धमा।

१४. राष्ट्रपति रनिङ्ग शिल्ड प्रतियोगिताको नपुग रकम सम्वन्धमा।

१५. गृहिणी महिला सशक्तिकरण कार्यक्रमको लागि वडा छनौट सम्बन्धमा।

१६. मागमा आधारित कार्यक्रमहरुको लागि लाभग्राही छनौट सम्बन्धमा।

१७. साझा सुविधा केन्द्र स्थापनाको लागि स्थान छनौट सम्बन्धमा।

१८. सहकारी खारेजी सम्बन्धी पुन: सूचना प्रकाशन सम्बन्धमा।

१९. राजस्व परामर्श समिति अध्ययन अवालोकन भ्रमणमा नपुग खर्च व्यवस्थापन सम्बन्धमा।

२०. विपद सम्बन्धी निर्णयहरु अनुमोदन सम्बन्धमा।

२१. विविध

NIM



Scanned with CamScanner

**निर्णयहरु**

१. यस भोटेकोशी गाउँपालिकाको स्थानीय तह संस्थागत क्षमता स्वमूल्याङ्कन कार्यविधि २०७७ बमोजिम आ.व २०८०/०८१ को स्थानीय तह संस्थागत क्षमता स्वमूल्याङ्कन (LISA) गर्दा ८९.५ अंक प्राप्त भएकोले सो अंकलाई अनुमोदन गरि कार्यालयको सूचनापाटि तथा वेवसाइटमा प्रकाशन गर्न साथै आगामी दिनहरुमा हाल प्राप्त अंक भन्दा सुधारको लागि कार्यालयलाई निर्देशन दिने निर्णय गरियो ।

२. आ.व २०८१/०८२ मा उपभोक्ता समिति मार्फत संचालन तथा कार्यान्वयन हुने योजनाहरुको मिति २०८१ मंसिर १७ गते बसेको कार्यपालिका बैठकले गरेको निर्णय अनुसार २०८१ मंसिर २४ गते भित्र उपभोक्ता समिति गठन गर्न निर्देशन भएता पनि विभिन्न कारणले गर्दा उक्त समयमा उपभोक्ता समिति गठन हुन नसकेको र सम्झौता हुन नसकेको योजनाहरुको मिति २०८१ फागुन ७ गते भित्र उपभोक्ता समिति गठन गरि फागुन १५ गते भित्र योजना सम्झौता गरिसक्ने र तत् समय पश्चात उपभोक्ता समिति मार्फत संचालन हुने योजना सम्झौता नगर्न कार्यालयलाई निर्देशन दिने साथै सम्झौताको म्याद समाप्त भएका चालु योजनाको हकमा म्याद नाघ्नुका कारण सहितको स्पष्टीकरण माग गरि आवश्यकता हेरी माथि उल्लेख भए अनुसा म्याद थप गर्ने गर्ने निर्णय गरियो ।

३. यस गाउँपालिकाबाट स्वीकृत भएका विभिन्न वडाहरुमा सन्चालित योजनाहरुको यस गाउँपालिकाको अनुगमन समितिबाट अनुगमन हुँदा देहायको विवरण पाइयो ।

| क्र.स | योजनाको नाम | वडा न | रकम | अवस्था र सुझाव |
|---|---|---|---|---|
| १. | भुमेथान मन्दिरचौर निर्माण | २ | ५ लाख | आयोजना सम्पन्न भएको, सम्पन्न भए पश्चात स्वामित्व उपभोक्ता समितिले लिनपर्ने |
| २. | कोप्लाङ सामुदायिक भवन निर्माण | २ | १० लाख | आयोजना सम्पन्न भएको, सम्पन्न भए पश्चात स्वामित्व उपभोक्ता समितिले लिनपर्ने |
| ३. | फड्के पूल निर्माण | २ | ७ लाख | आयोजना सम्पन्न भएको, सम्पन्न भए पश्चात स्वामित्व उपभोक्ता समितिले लिनपर्ने |
| ४ | तातोपानी धारा टेन्की निर्माण | २ | ८ लाख | आयोजना सम्पन्न भएको, सम्पन्न भए पश्चात स्वामित्व उपभोक्ता समितिले लिनपर्ने |



Scanned with CamScanner

| | | | | |
|---|---|---|---|---|
| ५. | कोलगाङ बस्ती मेसिनरी पर्खाल निर्माण | ५ | १० लाख | आयोजना सम्पन्न भएको, सम्पन्न भए पश्चात स्वामित्व उपभोक्ता समितिले लिनपर्ने |
| ६. | पाठाङ ब्राङ्गा गोरेटो बाटो | ५ | ५ लाख | आयोजना सम्पन्न भएको, सम्पन्न भए पश्चात स्वामित्व उपभोक्ता समितिले लिनपर्ने |
| ७. | चाकु कालीदेवी मन्दिर गोरेटो बाटो | ५ | ५ लाख | आयोजना सम्पन्न भएको, सम्पन्न भए पश्चात स्वामित्व उपभोक्ता समितिले लिनपर्ने |
| ८. | कोप्लाङ बस्ती गोरेटो बाटो | २ | ६ लाख | आयोजना सम्पन्न भएको, सम्पन्न भए पश्चात स्वामित्व उपभोक्ता समितिले लिनपर्ने |
| ९. | तातोपानी धारा स्तरोन्नती | २ | | आयोजना अन्तिम चरणमा रहेको र ढुङ्गा बिछयाउने काममा सुधार गर्न लगाइएको। |
| १०. | चाकु मार्मिङ गोल्ची सडक मर्मत तथा स्तरोन्ती | ५ | | आयोजना अन्तिम चरणमा रहेको |
| ११. | डुगुनागढी भैरवकुण्ड सडक | ३ | | आयोजनामा काम भईरहेको |
| १२. | भैरवकुण्ड आ.वि किचन निर्माण | ३ | ३ लाख | आयोजनामा काम भईरहेको |
| १३. | लार्चा फुमाचे मोटरबाटो | ३ | १० लाख | आयोजना सम्पन्न भएको, सम्पन्न भए पश्चात स्वामित्व उपभोक्ता समितिले लिनपर्ने |
| १४. | लार्चा फुमाचे गोरेटोबाटो | ३ | ५ लाख | आयोजना सम्पन्न भएको, सम्पन्न भए पश्चात स्वामित्व उपभोक्ता समितिले लिनपर्ने |
| १५. | चाकु बर्थिङ सेन्टर | ५ | १० लाख | आयोजनामा काम भईरहेको |
| १६. | थामीगाउँ डाक्तोला देखि स्कुल डाँडा हुँदै गोरेटोबाटो | ४ | ५ लाख | आयोजनामा काम भईरहेको |
| १७. | थाङसिङ छ्योलिङ गुम्बा | ४ | १७ लाख | आयोजना सम्पन्न भएको, सम्पन्न भए पश्चात स्वामित्व उपभोक्ता समितिले लिनपर्ने |



NIM

Scanned with CamScanner

४. यस संघीय समपूरक अनुदान कार्यविधि २०७७ र संघीय विशेष अनुदान कार्यविधि २०७७ बमोजिम आ.व.०८२/०८३ का लागि प्रस्ताव आव्हान गरिएकोमा भोटेकोशी गाउँपालिकाले तपशिल बमोजिमका योजनाहरुमा तपशिल रकम लागत साझेदारी गर्ने गरी प्रस्ताव पेश गर्ने निर्णय गरियो ।

तपशिल

क) संघीय समपूरक अनुदान तर्फ

| क्र.स. | क्षेत्र | योजनाको नाम | जम्मा लागत | गाउँपालिकाले व्यहोर्ने रकम | अनुदान माग रकम | कैफियत |
|---|---|---|---|---|---|---|
| १. | पर्यटन पूर्वाधार | भैरवकुण्ड भिलेज ,चोकरमोकर निर्माण | ७ करोड | २ करोड ८० लाख | ४ करोड २० लाख | |
| २. | सडक | डाक्लाङ लिस्ती सडक | ७ करोड | २ करोड ८० लाख | ४ करोड २० लाख | |
| ३. | सडक | झ्यालेभिर त्याङथली अन्थली सडक | ७ करोड | २ करोड ८० लाख | ४ करोड २० लाख | |

ख)संघीय विशेष अनुदान तर्फ

| क्र.स. | क्षेत्र | योजनाको नाम | जम्मा लागत | अनुदान माग रकम | कैफियत |
|---|---|---|---|---|---|
| १. | अनुसुची १ को ५ (ख) बमोजिम | तातोपानी धाराका संरचनाहरु पुन निर्माण | ३ करोड | ३ करोड | |
| २ | अनुसुची १ को ५ (ख) बमोजिम | मार्मिङ माध्यमिक विद्यालय भवन निर्माण | ३ करोड | ३ करोड | |

५. यस बागमती प्रदेश समपूरक अनुदान कार्यविधि २०७७ र बागमती प्रदेश विशेष अनुदान कार्यविधि २०७७ बमोजिम आ.व.०८२/०८३ का लागि भोटेकोशी गाउँपालिकाले तपशिल बमोजिमका योजनाहरुमा तपशिल रकम लागत साझेदारी गर्ने गरी प्रस्ताव पेश गर्ने निर्णय गरियो ।

तपशिल

क) प्रदेश समपूरक अनुदान तर्फ



Scanned with CamScanner

| क्र.स. | क्षेत्र | योजनाको नाम | जम्मा लागत | गाउँपालिकाले व्यहोर्ने रकम | अनुदान माग रकम | कैफियत |
|---|---|---|---|---|---|---|
| १. | कार्यविधिको दफा ३ को उपदफा १(ज) बमोजिम | भोटेकोशी कबर्ड हल निर्माण | २ करोड | १ करोड | १ करोड | |
| २. | कार्यविधिको दफा ३ को उपदफा १(क) बमोजिम | लिस्ती भैरवकुण्ड सडक | २ करोड | १ करोड | १ करोड | |
| ३. | | चाकु मार्मिङ गोल्ची सडक | २ करोड | १ करोड | १ करोड | |
| ४. | | चाकु सुनखानी देउढुङ्गा सडक | २ करोड | १ करोड | १ करोड | |
| ५. | | दशकिलो बोक्चेन सडक | २ करोड | १ करोड | १ करोड | |

**ख)प्रदेश विशेष अनुदान तर्फ**

| क्र.स. | क्षेत्र | योजनाको नाम | जम्मा लागत | अनुदान माग रकम | कैफियत |
|---|---|---|---|---|---|
| १. | कार्यविधिको दफा ३ को उपदफा १(ज) बमोजिम | तातोपानी धारा संरक्षण (नदी नियन्त्रण) | १ करोड | १ करोड | |
| २. | | बोक्चेङ पुल संरक्षण | १ करोड | १ करोड | |

६. यस भोटेकोशी गाउँपालिकाको उन्नत ग्रामीण सडक निर्माण निर्देशिका २०७८, शंशोधन को मस्यौदा उपर छलफल गरि उक्त निर्देशिकाको दफा ६ को उपदफा ५ संग सम्बन्धित अनुसूची १ को सि.नं ३, ४, र ५ मा ३ महले संसोधन गर्ने प्रस्ताव स्वीकृति गर्ने निर्णय गरियो ।

७. यस भोटेकोशी गाउँपालिकाको संक्षिप्त वातावरणीय अध्ययन तथा प्रारम्भिक वातावरणीय परीक्षण कार्यविधि २०८० शंशोधन को मस्यौदा उपर छलफल गरि उक्त कार्यविधिको दफ ३ को उपदफा ४ संग सम्बन्धित अनुसूची १ को ३ महले संसोधन गर्ने प्रस्ताव स्वीकृति गर्ने निर्णय गरियो ।



Scanned with CamScanner

८. यस भोटेकोशी गाउँपालिका र श्री सेतीदेवी कन्स्ट्रक्सन प्रा.लि बिच मार्मिङ सामुदायिक भवन निर्माण गर्न ठेक्का सम्झौता भइ कार्य भएकोमा यस कार्यालयबाट मिति २०८१।०९।१५ गते सम्म म्याद थप भएको र उक्त फर्मले पुन तेस्रो पटकका लागि म्याद थपका लागि निवेदन पेश गरेको हुँदा सार्वजनिक खरिद नियमावली २०६४ को नियम १२१ उपनियम (क) बमोजिम निर्माण व्यवसायीको ढिलाईका कारण खरिद सम्झौता बमोजिमको काम तोकिएको म्यादमा सम्पन्न हुँन नसकेको हुँदा सम्झौता रकमको दश प्रतिशत रकम नबढ्ने गरी प्रतिदिन सम्झौता रकमको शुन्ना दशमलव शून्य पाँच प्रतिशत रकम खरिद सम्झौतामा उल्लेख भएको पूर्व निर्धिरित क्षतिपूर्ति गाउँपालिकालाई दिने गरी २०८१।११।२५ गतेसम्म पूर्व निर्धारित क्षतिपूर्ति तिर्न पर्ने अधिकतम समय कायम गरी म्याद थप गर्ने निर्णय गरियो।

९. भोटेकोशी गाँउपालिका र अग्रगामी निर्माण सेवा,मध्यपुर भक्तपुर बिच Jhyalebhir Tyangthali Anthali Road Upgrading & Maintenence (Contract ID-BRM/WORKS/02/080/081) कार्यका लागि मिति २०८०/११/०६ मा ठेक्का सम्झौता भएको खरिद सम्झौतामा उक्त काम २०८१/१२/०६ गते सम्म सम्पन्न गर्न पर्ने पनि उल्लेख भएको र कार्य संन्चालनको लागि मिति २०८१/१२/०६ मा १० लाख पेश्की समेत उपलब्ध गराइएकोमा उक्त कम्पनीले हालसम्म कुनै पनि प्रकारको काम सूचारु नगरेको हुँदा, ठेक्का सम्झौता मा भएको Work schedule बमोजिम काम के कारणले गर्न नसकेको हो , सोको स्पष्ट कारण खुलाई, Updated work schedule, हाल सम्मको प्रगति र सार्वजनिक खरिद ऐन २०६३ को दफा ५२(क) को उपदफा ५ बमोजिम पेश्की रकम कुन प्रयोजनमा खर्च भएको हो सोको विवरण यस कार्यालयमा ७ (सात) दिन भित्र पेश गर्न भनी पटक पटक पत्राचार गर्दा समेत हालसम्म कुनै पनि प्रतिकृया नआएको हुँदा सो फर्मले, सार्वजनिक खरिद ऐन २०६३ को दफा ५२(क) को उपदफा ६ बमोजिम यस कार्यालयबाट उपलब्ध गराईएको पेश्की रकम सम्बन्धित काममा प्रयोग नभएको पाईएकाले उक्त फर्मले पेश गरेको **कृषि विकास वैक गठ्ठाघर शाखाबाट जारी गरिएको (वैक जमानत नं APG/0123/0068/5371/24), रु १०,००,०००।०० (अक्षरेपी रु दश लाख)** को पेश्की जमानत जफत गर्ने र हाल सम्मको व्याज रकम समेत १० प्रतिशतका दरले सोही निर्माण व्यवसायी मार्फत यस कार्यालयमा असुल गराउने निर्णय गरियो।

१०. यस भोटेकोशी गाउँपालिको आ.व. ८१/०८२ को स्वीकृत बार्षिक कार्यक्रममा चाकु मार्मिङ सडक स्तरोन्नती कार्यको लागि रु २,९४,००,०००।०० बजेट विनियोजन भएकोमा उक्त योजनाको गर्न लागत अनुमान स्वीकृत गरी, सार्वजनिक खरिद नियमावली २०६४ को नियम ७ बमोजिम तयार भएको खरिद गुरुयोजना समेत सोही नियमको उपनियम ३ बमोजिम स्वीकृत गरी आगामी आ.वमा अनिवार्य बजेट विनयोजन गर्ने गरी १३ महिना भित्र सम्पन्न गर्ने गरी रु ५,५१,३५,५०० को लागतको बहुवर्षिय स्वीकृत गरी बोलपत्र आब्हान गर्ने निर्णय गरियो।

११.आ.व २०८१/०८२ मा संघीय सरकार बाट हस्तान्तरित मृगौला प्रत्यारोपण गरेका, डायलाइसिस गराइरहेका, क्यान्सर रोगि र मेरुदण्ड पक्षघातका बिरामीहरुलाई औषधी उपचार खर्च बापत मासिक रु ५ हजारका दरले उपलब्ध गराइने रकम रु ७ लाख ५७ हजार ५ सय रहेकोमा नपुग थप रकम रु ३,७७,५०० गा.पा तर्फको आपतकालीन उपचार कोष बाट भुक्तानी दिने र उक्त रकम स्वास्थ्य मन्त्रालयमा सोधभर्ना भुक्तानी माग गर्ने निर्णय गरियो ।

१२.अ.व २०८१/०८२ को बार्षिक नीति तथा कार्यक्रम अनुसारको आकस्मिक स्वास्थ्य उपचार कोषबाट मार्मिङ स्वास्थ्य चौकी चाकुमा बर्थींङ सेन्टर संचालन गर्न रु ३ लाख व्यवस्थापन गर्ने निर्णय गरियो ।

१३.आ.व २०८१/०८२ को स्वीकृत बार्षिक नीति तथा कार्यक्रम अनुसार न्यायिक समिति तर्फ रहेको विद्यालयसंग कानूनी सम्बन्धी जनचेतना जगाउने शिर्षकमा निवन्ध वा वक्तृत्वकला कार्यक्रम शिर्षकबाट मावि विद्यालयहरुमा स्थानीय सरकारको काम कर्तव्य अधिकार र भूमिका बारे अभिमुखीकरण कार्यक्रम गर्ने निर्णय गरियो।

१४.मिति २०८१ पौष ५ देखि ७ गते सम्म सुनखानी मैदानमा सञ्चालित भोटेकोशी गाउँपालिकाको सातौ संस्करणको राष्ट्रपति रनिङ्ग शिल्ड प्रतियोगिता २०८१ सञ्चालन तथा व्यवस्थापन गर्न नपुग २ लाख रुपैयाँ भोटेकोशी गाउँपालिकाको चौधौ गाउँसभावाट स्वीकृत वार्षिक नीती, कार्यक्रम तथा बजेट पुस्तिकाको विषयगत शिक्षा शाखा तर्फ युवा तथा खेलकुद अन्तर्गत खेलकुद विकास तथा प्रशिक्षण कार्यक्रम शीर्षकमा विनियोजित रकम रु १० लाख वाट दिने निर्णय गरियो।

१५.सामाजिक विकास मन्त्रालयको आ.व. २०८१/०८२ को स्वीकृत कार्यक्रम अन्तर्गतको गृहिणी महिला सशक्तिकरण कार्यक्रम संचालनको लागि वडा नं ३ र वडा नं ४ छनौट गर्ने निर्णय गरियो।

१६.आ.व २०८१/०८२ को स्वीकृत कार्यक्रम अनुसार विभिन्न मितिमा प्रकाशित सूचना अनुसार मागमा आधारित तपसिले बिमोजिमको कार्यक्रमहरुका लाभग्राही छनौट गर्ने निर्णय गरियो।

क) मागमा आधारित दलित लक्षित कार्यक्रमको लाभग्राही

| क्र.स. | संस्थाको नाम | वडा नं | विनियोजित रकम रु |
|---|---|---|---|
| १. | छ्याङ्सिङ दलित सामुदायिक व्यवस्थापन समिति | १ | ४ लाख |



Scanned with CamScanner

| | | | |
|---|---|---|---|
| २. | काइलाङ दलित सामुदायिक व्यवस्थापन समिति | १ | ४ लाख |

ख) मागमा आधारित सिमान्तकृत लक्षित कार्यक्रमको लाभग्राही

| क्र.स. | संस्थाको नाम | वडा नं | विनियोजित रकम रु |
|---|---|---|---|
| १. | थामी गाउँ आमा समुह | २ | ४ लाख |

ग) मागमा आधारित जनजाती लक्षित कार्यक्रमको लाभग्राही

| क्र.स. | संस्थाको नाम | वडा नं | विनियोजित रकम रु |
|---|---|---|---|
| १. | तेन्जुम सङ्गे शेर्पा किदुग समाज | ५ | ४ लाख |
| २. | लाइथान सिर्जनशील समुह | ५ | २ लाख |
| ३. | गाउँ उत्थान सामुदायिक कृषक समुह | ३ | १ लाख |

१७.आ.व २०८१/०८२ मा संघीय सरकारबाट हस्तान्तरित २.६.४.१३ अति गरिब परिवारहरुको लागि कम्तिमा १० जनाको लागि हुने गरि साझा सुविधा केन्द्रको स्थापना शिर्षकबाट संचालन हुने उद्यम विकास कार्यक्रम अन्तर्गतको साझा सुविधा केन्द्र निर्माणको लागि यस भोटेकोशी गाउँपालिका वडा नं २ छनौट गर्ने निर्णय गरियो ।

१८.मिति २०८१/०९/०९ गते राष्ट्रिय दैनिक पत्रिकामा प्रकाशन गरिएको १९ वटा सहकारी खारेजी सम्बन्धी ३५ दिने सूचनामा प्रकाशित गरिएकोमा २ वटा सहकारी संस्था मात्र सम्पर्कमा आएको हुँदा सहकारी खारेजी सम्बन्धमा पुन: २१ दिने सार्वजनिक सूचना राष्ट्रिय दैनिकमा प्रकाशन गर्ने निर्णय गरियो ।

१९.आ.व २०८१/०८२ को स्वीकृत कार्यक्रम अनुसार मिति २०८१/१०/१३ देखि १७ गते सम्म भएको राजस्व परामर्श समिति अध्ययन अवालोकन भ्रमणमा नपुग खर्च रु ८० हजार विविध खर्च शिर्षकबाट थप गर्ने निर्णय गरियो ।

२०. मिति २०८१/१०/२४ गते बसेको स्थानीय विपद व्यवस्थापन समितिको निर्णय अनुमोदन गर्ने निर्णय गरियो ।



Scanned with CamScanner

१) यस भोटेकोशी गाउँपालिका आगोलागी जन्य जोखिमको हिसाबले अगाडी रहेको र भखेरै नेपाल तिब्बत सिमाना नजिक रहेको जंगलमा समेत आगोलागी भएको कारणले यस सम्बन्धी जनचेतनामुलक कार्यक्रम तथा स्थानीय व्यक्तिहरुलाई आगोलागी नियन्त्रण सम्बन्धी तालिम प्रदान गर्न आवश्यक देखिएकोले इलाका प्रहरी कार्यालय, कोदारी र गौरीशंकर संरक्षण क्षेत्रसंगको समन्वयमा उक्त कार्यक्रम संचालन गर्न रु १ लाख विपद व्यवस्थापन कोष बाट खर्च गर्ने।

२) यस भोटेकोशी गाउँपालिका वडा नं २ को मिति २०८१/१०/०९ गतेको तथा मिति २०८१/१०/०८ गतेको इलाका प्रहरी कार्यालय कोदारीको सिफारिस तथा मुचुल्का अनुसार वडा नं २ घट्टेखोला पुरानो मिनीट्रक पार्किङ स्थित भोटेकोशी नदीको बगरमा मिति २०८१/१०/०५ गते नाम/थर ठेगाना नखुलेको अन्दाजी वर्ष ४०/४५ को पुरुष मृत अवस्थामा फेला परि बा ९ च ७९२६ नं को बोलेरो प्रयोग गरि बाहबिसे अस्पताल सम्म पुर्याइएको बोलेरो भाडा रु २०,००० विपद व्यवस्थापन कोष बाट भुक्तानी दिने।

२१.विविध

क) शेर्पा समुदायले मनाउने महान चाड ग्याल्पो ल्होसारको अवसरमा मिति २०८१/११/१५ गते देखि १७ गते सम्म ३ दिन सार्वजनिक बिदा दिने निर्णय गरियो।

ख) भोटेकोशी गाउँपालिका वडा नं ३ निवासी रामकाजी विकको ड्राइपोर्टमा सामान लोड अनलोड गर्ने क्रममा दुर्घटना भई मृत्यु भएकोले निजको परिवारलाई भोटेकोशी गाउँपालिकाको आपतकालीन कोषबाट रु १ लाख आर्थिक सहायता उपलब्ध गराउने निर्णय गरियो।



Scanned with CamScanner